महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७६/०४/०१

**भाग-१**

**महाशिला गाउँपालिका**

# महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०७६

**प्रस्तावना :**

महाशिला गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम विनियोजन गरि खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम महाशिला गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन सम्वत २०७६ साल श्रावण १ गतेदेखी प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त महाशिला गाउँपालिकाको सञ्चित कोषबाट विनियोजन हुने रकम गाउँकार्यपालिकाको कार्यालयबाट हुने अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३४,७४,५१,२००(चौतिस करोड चौरहत्तर लाख एकाउन्न हजार दुई सय मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट विनियोजन गरि खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त महाशिला गाउँपालिककाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**४ लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

(१) यस ऐन बमोजिम विनियोजन भई खर्च रकमको प्रचलित आर्थिक ऐन, नियमावली बमोजिम लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**(५) कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :**

(१) यस ऐनको कार्यन्वयन गर्न स्थानीय तहले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

## अनुसूची १

### दफा २ सम्वन्धित

नेपालको संविधान धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम रु.

| शीर्षक | | आ.व.२०७६/७७ को अनुमान |
|---|---|---|
| **चालु खर्च** | | **२८०१०** |
| २११११२ | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | ४२९० |
| २११११ | कर्मचारी पारिश्रमिक तथा सुविधा | ६६५० |
| २११२१ | पोशाक | ३२० |
| २११३१ | स्थानीय भत्ता | २५० |
| २११३२ | महगी भत्ता | ४०० |
| २११३९ | अन्य भत्ता | २०० |
| २११४१ | बैठक भत्ता | १०० |
| २२१११ | पानी तथा विजुली | २५० |
| २२११२ | सञ्चार महशुल | ५०० |
| २२२११ | इन्धन पदाधिकारी | ७०० |
| २२२१२ | इन्धन कार्यालय | २५० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ६०० |
| २२२१४ | विमा तथा नवीकरण खर्च | १०० |
| २२२२१ | मेशिनरी औजार मर्मत | २०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको सम्भार | ५०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १५०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १५० |
| २२३१५ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ३०० |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | २०० |
| २२४११ | सेवा र परामर्श खर्च | ५०० |

| | | |
|---|---|---|
| २२४१३ | करार सेवा शुल्क | ४५०० |
| २२५११ | कर्मचारी तालिम खर्च | २०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम गोष्ठी | ४०० |
| २२६११ | अनुगमन मूल्याकन खर्च | २००० |
| २२६१२ | भ्रमण खर्च | ४०० |
| २२७११ | विविध खर्च | १६०० |
| २८१४२ | घर भाडा | १५० |
| २८१४३ | सवारी साधन भाडा | ५०० |
| २८९११ | भैपरी आउने चालु खर्च | ३०० |
| **पूँजिगत खर्च** | | **९५०** |
| ३१११२ | भवन निर्माण | ० |
| ३१११५ | फर्निचर | ३५० |
| ३११२१ | सवारी साधन | ० |
| ३११२२ | मेशिनरी औजार | ३०० |
| ३११३२ | सफ्टवेयर खरिद | ३०० |

| संकेत नं. | शीर्षक | आ.व.२०७६/७७ को अनुमान |
|---|---|---|
| **१०** | **आर्थिक विकास** | ३७४४० |
| १०१० | कृषि | ९०६३ |
| १०२० | उद्योग तथा वाणिज्य | १२४४ |
| १०३० | पर्यटन | ७९१३ |
| १०४० | सहकारी | ७७४ |
| १०५० | वित्तीय क्षेत्र | ६४६ |
| १०६० | महाशिला विकास स्वयंसेवक कार्यक्रम | १७८०० |
| **२०** | **सामाजिक विकास** | **१४५४५** |
| २०१० | शिक्षा | ८०४७ |
| २०२० | स्वास्थ्य | २८८३ |
| २०३० | खानेपानी तथा सरसफाइ | ३४१ |
| २०४० | संस्कृति प्रवर्द्धन | ५१७ |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ११४८ |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | १३०९ |
| २०७० | सामाजिक विकृति जाँड रक्सि नियन्त्रण | ३०० |

| | | |
|---|---|---|
| **३०** | **पूर्वाधार विकास** | **५१७५५** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ४२२९९ |
| ३०२० | सिंचाई | ९०० |
| ३०३० | भवन तथा सहरी विकास | ५४१० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | १६२५ |
| ३०५० | सञ्चार | १५२१ |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **३९०७** |
| ४०१० | वन तथा भु-संरक्षण | ८०७ |
| ४०२० | जलाधार संरक्षण | ३०० |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | ४०० |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | ६०० |
| ४०६० | विपद व्यवस्थापन | १००० |
| ४०७० | वारुण यन्त्र सञ्चालन | १०० |
| | मानव र बन्यजन्तु वीच द्धन्द्ध व्यवस्थापन बाँदर नियन्त्रण | ७०० |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **२०४४** |
| ५०१० | सामान्य सेवा | ७८४ |
| ५०२० | सुरक्षा व्यवस्थापन | ८० |
| ५०३० | सूचना प्रविधि | २०० |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | ५० |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | ४०० |
| ५०६० | सुशासन प्रवर्द्धन | २३० |
| ५०७० | अनुसन्धान तथा विकास | ३०० |
| | | **१०९६९१** |
| | ससर्त अनुदानको तोकिएका कार्यक्रममा | १३६००० |
| | सामाजिक सुरक्षा | ३०००० |
| | विषयगत मन्त्रालयको तोकिएका कार्यक्रम | ४२८०० |

विषयगत क्षेत्रका विस्तृत योजना बार्षिक विकास कार्यक्रम पूस्तिकामा प्रकाशन भएबमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः २०७६।०३।२५

आज्ञाले,
नामः किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत